आज मिति २०७६ साल पौष ७ गते सोमबारका दिन विहान ८ः०० बजे यस नगरपालिकाको ४३ औं कार्यापालिका बैठक नगरप्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बस्यो ।

| हस्ताक्षर | पद | नामथर | कैफियत |
|---|---|---|---|
| द.ख. | नगरप्रमुख/अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| द.ख. | उप-प्रमुख | श्री धनमाया तामाङ | |
| द.ख. | कार्यपालिका सदस्य | श्री विनोदबहादुर बस्नेत | |
| द.ख. | कार्यपालिका सदस्य | श्री डोरीलाल चौधरी | |
| द.ख. | कार्यपालिका सदस्य | श्री जीवनप्रसाद ढुंगाना | |
| द.ख. | कार्यपालिका सदस्य | श्री शैलेन्द्र श्रेष्ठ | |
| द.ख. | कार्यपालिका सदस्य | श्री रामप्रसाद रिजाल | |
| द.ख. | कार्यपालिका सदस्य | श्री जीवनकुमार राई | |
| द.ख. | कार्यपालिका सदस्य | श्री चैतन्यप्रसाद सिटौला | |
| द.ख. | कार्यपालिका सदस्य | श्री खेमप्रसाद न्यौपाने | |
| द.ख. | कार्यपालिका सदस्य | श्री राजकुमार कार्की | |
| द.ख. | कार्यपालिका सदस्य | श्री राजेन्द्रबहादुर थापा | |
| द.ख. | कार्यपालिका सदस्य | श्री विशनलाल चौधरी | |
| द.ख. | कार्यपालिका सदस्य | श्री रोशनप्रसाद ढकाल | |
| द.ख. | कार्यपालिका सदस्य | श्री सिता नेपाली | |
| द.ख. | कार्यपालिका सदस्य | श्री हेमकुमारी विश्वकर्मा | |
| द.ख. | कार्यपालिका सदस्य | श्री उमादेवी गुरुङ | |
| द.ख. | कार्यपालिका सदस्य | श्री तारा घिमिरे | |
| द.ख. | कार्यपालिका सदस्य | श्री उर्मिला शर्मा रिजाल | |
| द.ख. | कार्यपालिका सदस्य | श्री भक्तकिरण राई | |
| द.ख. | कार्यपालिका सदस्य | श्री हर्कराज परियार | |
| द.ख. | कार्यपालिका सदस्य | श्री रामलाल गच्छदार | |
| द.ख. | सचिव | श्री गणेशप्रसाद दाहाल | |
| आमन्त्रित : | | | |
| द.ख. | अधिकृतस्तर दशौं | श्री दामोदर चापागाई | |
| द.ख. | अधिकृतस्तर आठौं | श्री ध्रुवकुमार भण्डारी | |
| द.ख. | लेखा अधिकृत | श्री टेकनाथ रेग्मी | |

| | | | |
|---|---|---|---|
| द.ख. | सू.प्र.अ. | श्री रोशन खनाल | |
| द.ख. | अधिकृतस्तर छैठौँ | श्री गोविन्द खड्का | |
| द.ख. | ना.सु. | श्री रोहित निरौला | |
| द.ख. | लेखापाल | श्री शालिग्राम दाहाल | |
| द.ख. | क.अ. | श्री बाबुराम भट्टराई | |
| द.ख. | क.अ. | श्री निरज न्यौपाने | |
| द.ख. | सव इन्जिनियर | श्री अम्बिकाप्रसाद गुरागाई | |
| द.ख. | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| द.ख. | कार्यालय सहायक | श्री विजयराज श्रेष्ठ | |
| द.ख. | कार्यालय सहयोगी | श्री उमा कट्टुवाल | |
| द.ख. | कार्यालय सहयोगी | श्री दिवश कार्की | |

**प्रस्ताव नं. १ ः बढ्दो शितलहर सम्बन्धमा ।**

निर्णय ः प्रस्ताव नं. १ माथि छलफल गर्दा निम्नानुसारको निर्णय गरीयो ।

क) बढ्दो शितलहर, चिसो तथा हुस्सुका कारण नगरवासी तथा यस नगरक्षेत्र भित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयहरुमा पठन पाठन गर्ने बालबालिकाहरु समेत प्रभावित भएको कारण मौसममा अनुकुलता नआएमा मौसमको अवस्था हेरी यस नगरपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुलाई बढिमा चार दिन सम्म सार्वजनिक विदा दिन नगरकार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गरीयो ।

ख) जिल्ला प्रशासन कार्यालय मोरङ को च.नं. ३११२ मिति २०७६।०९।०६ को प्राप्त पत्रानुसार शितलहर, हुस्सु र चिसोबाट बच्न अति विपन्न गरीव र जोखिममा रहेका ५० जना व्यक्ति/परिवारको नाम छनौट गरी पठाउन अनुरोध भएकोमा वडा नम्बर १ र २ बाट ५/५ जना र बाकी सबै वडाबाट ४/४ जनाको नामावली सिफारीस गरी पठाउने निर्णय गरीयो ।

ग) बढ्दो सितलहरबाट नगरवासीलाई राहत प्रदान गर्नका लागि प्रत्येक वडालाई रु ५००००।- (अक्षरेपी पचास हजार मात्र) बराबरको दाउरा उपलब्ध गराउने र त्यसको वितरणको व्यवस्था सम्बन्धित वडाबाट गर्ने निर्णय गरियो ।

घ) शितलहरबाट प्रभावित गरिब, विपन्न तथा असाहय परिवारलाई ब्लाङकेट, म्याट्रेस वितरणका लागि प्रतिवडा रु ५००००।- (अक्षरेपी पचास हजार मात्र) मा नबढ्ने गरी खरिद गर्ने र प्रभावित परिवारलाई सम्बन्धित वडाको सिफारिसमा वितरणको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ ः योजना सम्झौता सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.ब. को नगर सभाबाट स्वीकृत आयोजना तथा कार्यक्रम सम्झौताको म्याद २०७६/०८/३० गते सम्म तोकीएकोमा २०७६/०८/३० गते सम्म ८७ वटा योजनाहरु मात्र सम्झौता भएको देखिएकोले योजना सम्झौता गर्न २०७६ पौष मसान्त सम्म म्याद थप गर्ने र सो अवधि भित्र सभाबाट स्वीकृत आयोजना तथा कार्यक्रम तोके बमोजिम सम्झौता हुन नसकेमा नगरकार्यपालिकाको कार्यालयलाई सार्वजनिक खरिद ऐन, तथा नियमावली बमोजिम ठेक्का प्रकृयाबाट आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नगरपालिका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ ः विविध**

प्रस्ताव नं. ३ विविध माथि तपशिल बमोजिमको निर्णय गरियो ।

क) शिशिर एकेडेमी सुन्दरहरैंचा-३ बाट शैक्षिक सत्र २०७६ को लागि कक्षा ५ को अनुमति थपको लागि निवेदन समयमै प्राप्त भएको, अनुगमन समितिबाट अनुगमन गरि आवश्यक पूर्वाधारहरु पुरा भएको भनी प्रतिवेदन प्राप्त हुन आएकोमा शिक्षा व्यवस्थापन कार्यविधि २०७५ को नियम १९ को उपनियम २ बमोजिम कक्षा ५ को अनुमति प्रदान गर्ने निर्णय गरियो ।

ख) भैपरी शिर्षकमा भएको विनियोजित रकम मध्येबाट स्वास्थ्य तर्फको अन्य सामाजिक सहायतामा रु १० लाख विनियोजन गर्ने र डेंगो रोगबाट प्रभावित व्यक्तिलाई प्रदान गर्दै आएको रु ५०००।- मिति २०७६/०९/०६ गते भन्दा पछाडीको मितिमा नगरकार्यपालिकाको कार्यालयमा दर्ता हुन आउने निवेदनमा उक्त रकम उपलब्ध नगराउने निर्णय गरियो ।

ग) मिति २०७६/०९/०६ गते बेलुकी करिब ८ बजे सञ्चार पाटी डटकममा **नेकपाको बैठक कार्यकारी क्वाटरमा, मेयर ढकाललाई कसरी असफल बनाउने रणनीति** भन्ने शिर्षक राखि प्रकाशित समाचारप्रति यस गरिमामय बैठकको गम्भिर ध्यानाकर्षण भएको छ । ४३ औँ कार्यपालिका बैठक सम्म आईपुग्दा सम्म कुनै पनि नोट अफ डिसेन्ट र फरक मत समेत नभई सञ्चालनमा रहेको यस नगरपालिकाको कार्यपालिकाको टिमलाई फुटाउने, भ्रामक समाचार आम नागरिकमा फैलाई नगरको विकास, समृद्धि र भाईचारालाई खलबल्याउने काम भएकोले यस्तो भ्रामक, कपोकल्पित र कुनै पनि स्रोत बेगरको समाचार प्रकाशित गर्ने उल्लेखित मिडियालाई कानून बमोजिम कारवाहीको दायरा ल्याउन सम्बन्धित निकायमा लेखि पठाउने र उल्लेखित समाचार निराधारपूर्ण रहेकोले साथै समाचारको कुनै पनि सत्यता नरहेकोले सम्पूर्ण नगरवासी सुन्दरहरैँचा नगरपालिकाको समृद्धि र खुसाली चाहने सम्पूर्ण देश/विदेशमा रहनुहुने आम जनमानसमा भ्रममुक्त रहन जोडदार माग गर्दै सो भ्रमक समाचार प्रति कार्यपालिकाको परिवारबाट खेद प्रकट गर्दै प्रेश विज्ञप्ती जारी गर्ने साथै उल्लेखित समाचारले आम नागरीकमा सिर्जना गरेको भ्रम चिर्न मिति २०७६/०९/०८ गते दिनको ठिक ३ बजे सुन्दरहरैँचा नगरकार्यपालिकाको कार्यालयमा पत्राकार सम्मेलन गर्ने समेत निर्णय गरीयो ।

घ) मिति २०७५ माघ १४ गते विराटचौक - घिनाघाट सडकको १२ विघे नजिकै ट्रिफरको ठक्कबरबाट सुन्दरहरैँचा नगरपालिका वडा नं. ११ घर भएकी ११ वर्षिय बालिका लक्ष्मी ढकालको घटनास्थलमै दुखद् निधन भएको हुदाँ मृतकको पारिवारीक आर्थिक स्थिती अत्यन्त कमजोर रहेको हुदाँ मृतकको परिवारलाई क्षतिपूर्ती स्वरुप सुन्दरहरैँचा नगरकार्यपालिकाको कार्यालयबाट रु १,००,०००। (अक्षरुपी एक लाख मात्र) दिने निर्णय गरियो ।